कान्तिपुर

नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विभाग

# कृषि ईन्जिनियरिङ्ग निर्देशनालय

हरिहरभवन, ललितपुर । फोन नं.: ०१-५०१००८८

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१९

## कृषक समुह कृषि सहकारी नीजि कृषक फर्म तथा कृषि उद्यमी संस्थालाई कृषि यान्त्रीकरण अनुदानको लागि आवेदन पेश गर्ने १५ दिने सुचना !

आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यन्त्र उपकरणमा अनुदान वितरण कार्यको लागि स्वीकृत "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३" (प्रथम संशोधन, २०७४) को दफा १० अनुसार गठित छनौट समितिको मिति २०७४/१२/०७ को निर्णय अनुसार **यस निर्देशनालयको कार्यक्रम प्रयोजनको लागि मात्र** छनौट भएका आपूर्तिकर्ताहरुबाट अनुदानमा कृषि यन्त्र औजार उपकरण लिनको लागि दफा १२ (क) अनुसार जिल्ला **कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा** यस निर्देशनालयबाट छनौट भएका आपूर्तिकर्ता र कृषि यन्त्र, औजार उपकरणहरुको नामावली सूचना पाटीमा प्रकाशन गरे अनुसार स्वीकृत कार्यविधिको प्रावधानले अनुसूची-१ (ख) कृषक समुह उपभोक्ताको लागि र (ग) कृषि सहकारी/निजि कृषक फर्म/कृषि उद्यमी उपभोक्ताको लागि आवश्यक सम्पूर्ण कागजात उपभोक्ता आफैले प्रमाणित गरी अनुसूची-४ अनुसारको निवेदन र प्रारम्भिक छनौटको फारम भरी **सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा** यो सूचना प्रकाशन गरेको मितिले **१५ दिन अर्थात मिति २०७५/०१/०३ भित्र** कार्यालय समयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित **जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले** स्वीकृत कार्यविधिको दफा १२ अनुसार गर्नु हुन र म्याद भित्र पर्न आएका निवेदनको संक्षिप्त विवरण छिटो छरितो साधन मार्फत यस निर्देशनालयमा पठाई दिनु हनु अनुरोध गरिन्छ । यस सम्बन्धित थप जानकारीको लागि सम्बन्धित कार्यालय वा यस निर्देशनालयमा सम्पर्क गर्नु हुन तथा उल्लेखित स्वीकृत कार्यविधि निर्देशनालयको वेबसाइट www.doaengg.gov.np मा डाउनलोड गर्न सकिन्छ ।